"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"

# सुनिलस्मृति गाउँपालिका दोस्रो चौमासिक सार्वजनिक सुनुवाई २०८१

सुनिलस्मृति गाउँपालिका

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश

२०८१/१२/२१

## १. गाउँपालिकाको स्वरुप र प्रकृति

नेपालको संविधान २०७२ लागू भए सँगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारकै मिति२०७३ फागुन २२ गतेको निर्णय तथा फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसाररोल्पा जिल्लाका १० स्थानीय तहमध्ये एक पर्दछ।वि.स २०७३ सालमा सुवर्णावती गाउँपालिकाको नाममा स्थापना भएको यस गाउँपालिका स्थानीय सरकारको निर्माण पश्चात तत्कालीन सुवर्णावती गाउँपालिकाको दोस्रो गाउँसभाले यसै गाउँपालिकाका वडा नं ५ गजुलका शहिद किम बहादुर थापा(सुनिल)को सम्झना एवं सम्मानमा सुनिलस्मृति गाउँपालिका नामाकरण गरेको थियो ।पूर्वी रोल्पाको प्रवेशद्धारको रुपमा रहेकोयस गाउँपालिका साविकको घोडागाउँ ,खुङग्री, मिझिङ,गजुल,तेवाङ,अरेश र फगाम गा.वि.सको १ नम्बर वडा मिलेर बनेको छ। नयाँ संरचना अनुसार यस गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन ।

सुनिलस्मृति गाउँपालिका भौगोलिक हिसाबले ८२ ३६,५४” देखि ८२ ४७ ५६.४ पूर्वी देशान्तर र २८ १० ४०.८ देखि २८ २२३७.२ उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ।समुन्द्री सतहवाट ६५० मिटरदेखि २९४७ मिटरको रचाइमा रहेको यस गाउँपालिका १५७.९१ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । सुनिलस्मृति गाउँपालिकाको पूर्वमा सुनछहरी गाउँपालिका र लुङ्ग्री गाउँपालिका,पश्चिममा रोल्पा नगरपालिका र रुन्टीगढी गाउँपालिका,उत्तरमा सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिका र दक्षिणमा प्युठान जिल्ला पर्दछ ।

**राष्ट्रिय जनगणना २०७८ अनुसारको तथ्याङ्क**

| वडानं. | परिवारसंख्या | जनसंख्या | | | ओषतपरिवारआकार | क्षेत्रफल | जनघनत्वप्रतिवर्गकि.मी. | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | |
| १ | ८५६ | १९४५ | १३९८ | ३३४३ | ३.९१ | १८.८४ | १७७.४४ | ७१.८८ |
| २ | ९९३ | २२७९ | १७०८ | ३९८७ | ४.०२ | ३० | १३२.९ | ७४.९५ |
| ३ | ९६६ | २१४७ | १९०४ | ४०५१ | ४.१९ | १४.९९ | २७०.२४ | ८८.६८ |
| ४ | १०८५ | २२९७ | २०२६ | ४३२३ | ३.९८ | १७.३७ | २४८.८७ | ८८.२० |
| ५ | ६८२ | १६९९ | १६०७ | ३३०६ | ४.८५ | २३.३७ | १४१.४६ | ९४.५९ |
| ६ | ७२७ | १५७७ | ११५७ | २७३४ | ३.७६ | १८.५७ | १४७.२२ | ७३.३७ |
| ७ | ८०३ | २१८० | २१३७ | ४३१७ | ५.३८ | १८.३६ | २३५.१३ | ९८.०३ |
| ८ | ८९७ | २३९८ | २१८८ | ४५५६ | ५.०८ | १५.०३ | ३०३.१२ | ८९.९९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ७००९ | १६५२२ | १४०९५ | ३०६१७ | ४.३७ | १५६.५२ | १९६ | ८५.३१ |

## कानुनी ब्यवस्था

कानुनले सार्वजनिक सरोकार राख्रेर काम गर्ने निकायले सार्वजनिक सुनुवाइ गर्नुपर्छ भन्ने प्रावधान नेपालको सविधान,स्थानीय सरकार सञ्चालन ऐन २०७४ सुशासन ऐन २०६४ र नियमावली २०६५ एवं सुचनाको हक सम्वन्धि ऐन २०६४ को विभिन्न दफा तथा नियमहरुमा उल्लेख गरीएको छ ।जनतासंग जोडिएका विषयमा कामगर्ने जनताका सेवा सुविधा गुनासो तथा चासोको विषयका कुरा सुनिदिनका लागि सार्वजनिक सुनुवाई आयोजना गरीन्छ । यसले सरकारका क्रियाकलाप पारदर्शी एवं जवाफदेही बनाउन समेत मद्दत गर्दछ । सरकारले नागरिक विश्वास वटुल्न एवं आफूले गर्दै गरेका कामको वारेमा जानकारी दिन  समेत सार्वजनिक सुनुवाई आयोजना गरिन्छ ।सम्भव भएसम्म चौमासिक रुपमा अन्यथा वार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान रहेको छ ।यस गाउँपालिकाले सुनिलस्मृति गाउँपालिकालको सार्बजनिक सुनुवाई सम्बन्धी कार्यबिधि,२०७९ बमोजिम तोकिएको समयाबधिमा नियमित सार्बजनिक सुनुवाई गर्दै आएको छ ।

# मूल्याङ्कनमा सुनिलस्मृति गाउँपालिका

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA),२०८०/०८१: ८९ अंक

२. स्थानीय तह बित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA),२०८०/०८१: ९७ अंक

३. स्थानीय आर्थिक बिकास मूल्याङ्कन (LED),२०८०/०८१:  ८७.५ अंक

४. राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग मूल्याङ्कन,२०८०/०८१:  ६६.३ अंक

५. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण परीक्षण (GESI Audit),२०८०/०८१: ९२ अंक

## समीक्षा अबधिको प्रगतिमा सुनिलस्मृति गाउँपालिका

१. भौतिक प्रगति ५४.८४%

२. बित्तीय प्रगति ३२.३७% (हाल सम्मको बित्तीय प्रगति ४२.५३% चालु ५२.४१% र पूजिगत १८.६६% )

# शाखागत प्रगति विवरण

## प्रशासन शाखा

- कार्यपालिका बैठक – १० पटक
- गाउँसभा अधिवेशन- १ पटक
- आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रगति तथा सार्वजनिक सुनुवाई र आर्थिक वर्ष २०८१।०८२ को प्रथम सार्वजनिक सुनुवाई सम्पन्न,
  - चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म निर्माण भएका स्थानीय कानून ( ऐन, नियम, कार्यविधि, मापदण्ड) - १२

  निम्न:

  - सुनिलस्मृति गाउँपालिकाको आन्तरिक लेखापरीक्षकको आचार संहिता, २०८१
  - सुनिलस्मृति गाउँपालिका गाउँसभाको लेखा समितिका लागि सञ्चालन मानक, २०८१
  - सुनिलस्मृति गाउँपालिकाको नागरिक बजेट निर्देशिका,२०८१
  - सुनिलस्मृति गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको समूह सञ्जाल व्यवस्थापन कार्यविधि,२०८१
  - सुनिलस्मृति गाउँपालिका कृषि विकास कार्यक्रम सञ्जाल कार्यविधि,२०८१
  - सुनिलस्मृति गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन निर्देशिका,२०८१
  - स्वास्थ्य तथा सरसफाई नीति,२०८१
  - मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग सम्बन्धी कार्यविधि, २०८१
  - विपद् पूर्वतयारी, प्रतिकार्य तथा आर्थिक पुनलाभ अध्यावधिक योजना, २०८१

- सुनिलस्मृति गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८१
- सुनिलस्मृति गाउँपालिकाको उच्च शिक्षा छात्रावृत्ति व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१
- सुनिलस्मृति गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८१
- नयाँ कर्मचारी नियुक्ती – ३ जना
- ल्याव २ (अरेश स्वास्थ्य चौकी र तेवाङ स्वास्थ्य चौकी) र अ.न.मी. १ सामुदायिक एकाई केन्द्र, थुम्पाकी

# आर्थिक प्रशासन

- **बिनियोजित बजेट र खर्चको बिबरण**

| बजेटका प्रकार | विनियोजित बजेट(रु हजारमा) | खर्च | प्रतिशतमा |
|---|---|---|---|
| चालु खर्च | ३९२३२८ | १५४५०० | २७.८५ |
| पूजिगत खर्च | १६२४६२ | २५०६८ | १५.४३ |
| जम्मा | ५५४७९१ | १७९५६९ | ३२.३७ |

# क्षेत्रगत बजेट तथा खर्च

| क्र.स. | क्षेत्रगत बजेट | विनियोजन बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,२६,९१,८५९ | २८,७१,७९८ | १२.६६ |
| २ | सामाजिक विकास | ३१,२७,९८,४८८ | १०२१७५,१५२.४६ | ३२.६५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | पूर्वाधार विकास | ९०७१३४०० | २०३९५६६८ | २२.४८ |
| ४ | सुशासन र अन्तरसम्बन्धि क्षेत्र | १३२८८००० | २५१३९१९ | १८.९२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | ११५२९९४१३ | ५१६१२७१३.४८ | ४४.७६ |

## उद्योग, सहकारी तथा राजश्व प्रशासन शाखा

- गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा बिभिन्न शिर्षकमा संकलित राजश्व रु. ६२,७७,९४५।—
- गाउँ कार्यपालिका तथा वडागत राजश्व संकलनको बिबरण

| गाउँपालिका | १ नं. वडा | २ नं. वडा | ३ नं. वडा | ४ नं. वडा | ५ नं. वडा | ६ नं. वडा | ७ नं. वडा | ८ नं. वडा |
|---|---|---|---|---|---|---|---|---|
| १५६७७८८.७२ | १९१८५५.२७ | ३७८७२७.९९ | २००३१९.९३ | ५४६७६३.१ | १४३९८८.४२ | २४५७६१.६९ | ६४६२९९.९७ | २६२६७३.५४ |

- चालु आ.व.मा ३१ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् ।

## पूर्वाधार विकास शाखा

१. औसत भौतिक प्रगति ५४.८४ प्रतिशत

२. कूल योजना संख्या १४८

३. सम्पन्न योजना संख्या ६०

४. काम सुरु नभएका योजना १४

- वडा नं.१ - ३ वटा
- वडा नं.२ - २ वटा
- वडा नं. ४ - १ वटा
- वडा नं. ५ - १ वटा
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)- ३ वटा
- गाउँपालिका- ३ वटा
- पूर्वाधार विकास शाखा- १ वटा

<u>योजनाको बिबरण</u>

- शहिद गेट निर्माण वडा नं. ४ (उपभोक्ता समिति गठनमा ढिलाई)
- ५नं. वडा कार्यालय खानेपानी योजना (उपभोक्ता समिति गठनमा ढिलाई)
- डुब्रिङ खेत तटबन्धन योजना वडा नं. १ (सम्झौता नभएको)
- कोरभित्ता खानेपानी योजना (योजना संशोधन नभएकोले कार्यान्वयन नहुने)
- डोरा जिमुरे सिचाइ कुलो निर्माण (सिंचाई डिभिजन कार्यालय संग दोहरोपना भएको)
- प्रशासकीय भवनको ल्याण्डस्केप निर्माण (प्रशासकीय भवन निर्माण सम्पन्न नभएकोले)
- बाल उद्यान पार्क निर्माण वडा नं.६ (प्रदेशसंग योजना दोहरोपना भएको)
- ताप्लेपानी सिंचाई योजना वडा नं २ (सिंचाई डिभिजन कार्यालय संग दोहरोपना भएको)
- छिर्ने खानेपानी योजना (खानेपानी कार्यालय संग दोहरोपना परेको)
- देविस्थान कालोपत्रे सडकदेखि स्यानीचौर जोड्ने मोटरबाटो निर्माण (उपभोक्ता समिति गठन नभएको)

- खुंग्री खानेपानी टंकी मर्मत (पुरानो मर्मत गर्न उपयुक्त नभएको र नयाँ बनाउन रकम नपुग्ने भएको)
- धरमपानी खानेपानी मुहान संरक्षण (उपभोक्ता समिति गठन नभएको)
- लिफ्ट सिचाइ मर्मत छिर्ने (मोटर खरिद प्रक्रिया अगाडी नबढेको)

## योजना शाखा

- गाउँपालिकास्तरिय तथा वडास्तरिय उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना संख्या- ११५ वटा
- सम्झौता भएको योजना संख्या- ९१

  भुक्तानी भएको योजना संख्या- ४३

## कृषि शाखा

- ७५% अनुदानमा गहुँको उन्नत बीउ वितरण कार्यक्रम सम्पन्नः २५५ जना कृषक, ५ वटा कृषक समूह र १ वटा कृषि सहकारी।
- निर्देशिका/कार्यविधि निर्माणमा सहजिकरणः सुनिलस्मृति गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन निर्देशिका-२०८१ र सुनिलस्मृति गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ तयार।
- कृषक समूह दर्ताः३७ वटा कृषक समूह दर्ता।
- आकस्मिक बाली संरक्षण सेवाः कृषकहरुको आवश्यकता अनुसार दैनिक रुपमा निशुल्क विषादि प्रदान।
- सहकारी संस्थाहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालनः यस गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरु मध्य १४ वटा सहकारी संस्थाका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन।

- सहकारी संस्थाका १९ जना सञ्चालक तथा व्यवस्थापकहरुलाई COPOMIS सम्बन्धि ३ दिने तालिम प्रदान।
- सुन्तलाजात फलफुल खेती सम्बन्धी २ दिने तालिम प्रदानः ६ र ७ नं वडाका ६५ जना कृषक लाभांवित।
- जलश्रोत मुहान अनुमतिपत्र प्रदानः ५ वटा
- बीउ विरुवा वितरण कार्यक्रम अन्तर्गतः १२५ जना कृषकहरुलाई तरकारीको हाईबृड तथा उन्नत बीउ निशुल्क वितरण ।
- युवा लक्षित कार्यक्रम र अदुवा तथा बेसार उत्पादन कार्यक्रममा प्रस्तावहरु छनौंट गरि कार्यक्रम सञ्चालन भईरहेको।
- वडा स्तरीय नर्सरी व्यवस्थापन कार्यक्रममा वडा नं ५ को नर्सरीमा २५०० सुन्तलाको विरुवा कलमी गरियो।
- ७५% अनुदानमा मकैको बीउ वितरण कार्यक्रम सञ्चालन भइरहेको
- कृषिसँग सम्बन्धित दैनिक प्राविधिक तथा प्रशासनिक कार्य।

## पशु सेवा शाखा

- पशुपंक्षी उपचार
  - लाभान्वित घरधुरी संख्या: ११५६
  - उपचार गरिएको पशु संख्या: ११६७५
- कृत्रिम गर्भाधान- ११०
  - गाई: २४
  - भैसी: ८५
  - बाख्रा: १
- खोप कार्यक्रम

- रेविज रोग विरुद्धको खोप: २५० डोज
- खोरेत खोप: ३००० डोज

- पशु स्वास्थ्य शिविर २ पटक
  - पशुपंक्षी संख्या १ नं. वडा: २४७४
  - घरधुरी संख्या: ७७
  - पशुपंक्षी संखया ७ नं. वडा: २८५०
  - घरधुरी संख्या: ९०
- जम्मा पशुपंक्षी संख्या: ५३२४
- जम्मा घरधुरी संख्या: १६७

## शिक्षा, युवा तथा खेलकुद विकास शाखा

- गाउँपालिका अनुदान शिक्षक पदको विज्ञापन, छनौट एवम् सिफारिस-संख्या ७ जना
- गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदनमा शिक्षा सम्बन्धी प्रतिवर्दन तयार एवम् प्रकाशन,
- ३१ वटा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकको राष्ट्रिय किताबखाना (शिक्षकबाट) तलबि प्रतिवेदन पारित,
- विद्यालयमा कार्यरत शिक्षक, विद्यालय सहायक कर्मचारी, बालविकास शिक्षक, विद्यालय सहयोगी र सामुदायिक सिकाई केन्द्र कार्यरत सामाजिक परीचालकको प्रथम, दोस्रो र तेस्रो त्रैमासिक तलबभत्ता निकासा गरिएको-रु. ३ करोड ३८ लाख
- प्राथमिक तहको शिक्षक सरुवाको लागि विज्ञापन संख्या: प्राथमिक:३ जना निम्न माध्यमिक;२ जना,
- गाउँशिक्षा समितिको बैठक संख्या: ३ पटक
- १२औँ राष्ट्रिय विज्ञान दिवस आधारभूत र माध्यमिक तहको वकतृत्वकला प्रतियोगिता सम्पन्न गरिएको,
- राष्ट्रिय शिक्षा दिवसको अवसरमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न,

- गाउँशिक्षा योजना निर्माण सम्बन्धी कार्याशाला गोष्ठी सम्पन्न संख्या:२ पटक ,
- सहास नेपालको समन्वयमा युवा परिषद्क पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन,
- ५ वटा विद्यालयका विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम: ३ वटा विद्यालयमा सम्पन्न गरिएको,
- स्थानीय तह स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समितिको बैठक संख्या: १ पटक,
- पाँचौ राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मिति २०८१।०९।२१ देखि २६ गते सम्म,
- शिक्षक सेवा आयोगको सिफारिस, शिक्षा विकास तथा समन्वय इकाइ रोल्पाले नियुक्ति दिइ सिफारिस गरिएको शिक्षक पदस्थापन प्रा.वि. तह: ३ जना निम्नमाध्यमिक तह: २ जना नियुक्ति गरिएको,
- आधारभूत तह कक्षा ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको बैठक संख्या: ३ पटक
- आधारभूत तह कक्षा ८ को परीक्षा मिति २०८१।१२।०७ गते देखि सञ्चालन गरी नतिजा प्रकाशनको लागि तयारी भइ रहेको ।

## स्वास्थ्य शाखा

- कोभिड भ्याक्सिन अभियान संचालन ८ वटै स्वास्थ्य संस्थाबाट गरिएको,
- मातृ तथा नवशिशु कार्यक्रम/न्यानो झोला तथा सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत १३५ जना सुत्केरीहरुलाई वितरण गरिएको,
- सुरक्षित गर्भपतन सेवा -६३ जना
- नियमित मासिक मिटिग- ४ पटक तथा वार्षिक समिक्षा गोष्ठी- १ पटक
- भिटामिन ए तथा जुकाको औषधि वितरण लाभान्वित संख्या- २५४६ जना
- किशोरी आईरन तथा फोलिक एसिड वितरण कार्यक्रम लाभान्वित संख्या-

- गर्भवती महिलालाई आयोडिन नुन तथा हात धुने साबुन वितरण- ३५० जना

- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत २६८ जना गर्भवती महिलालाई भिडियो एक्सरे कार्यक्रम सम्पन्न गरियो

- एच.पी.भी खोप अभियान अन्तर्गत कक्षा ६ देखि १० कक्षासम्मका र विद्यालय बाहिरको १० देखि १४ वर्ष सम्मको किशोरीहरुका लागि ३१ वटा खोप केन्द्र र ८ वटा स्वास्थ्य संस्थाबाट सेवा उपलब्ध गराईएको लाभान्वित संख्या- १६४० जना

- गर्भवती संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत ३ वटा वर्थिङ सेन्टरको लागी आवश्यक सामाग्री खरिद

- गर्भवतीसंग उपाध्यक्ष कर्यक्रम अन्तर्गत ३०० जना गर्भवती आमाहरुलाई सर्वोत्तम पिठो वितरण गरिएको,

## लैंगिक समानता तथा सामाजिक समाबेशिकरण शाखा

- अघिल्लो आ.व.को कार्यप्रगति सम्बन्धमा वार्षिक समीक्षा गरिएको,
- ४ वटा महिला सञ्जाल र २५ वटा वडास्तरीय महिला सञ्जाल अभिमुखीकरण गरिएको,
- अपाङ्गता भएका ५ जना व्यक्तिहरुलाई ह्विल चियर र ३ जना व्यक्तिहरुलाई वैसाखि वितरण गरिएको
- चालु आर्थिक वर्षमा लैङ्गिक हिंसा निवारण कोषमा २ लाख थप गरि जम्मा रु. १० लाख ७७ हजार ७ सय ५० रुपैयाँ पुर्याइएको
- जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार तथा राहतको लागि चालु आर्थिक वर्षमा २ लाख थप गरी ८ लाख पुर्याइएको
- अपाङ्गता भएका व्यक्तिहरुको उद्धार तथा राहतको लागि चालु आर्थिक वर्षमा ५० हजार थप गरी १ लाख पुर्याइएको
- गाउँपालिका भित्र गठन भएका २५ वटा वडा स्तरिय सञ्जालहरुको सिकाइ आदान प्रदान गर्न चौमासिक समीक्षा गरिएको,
- सरोकारवालाहरुबी समन्वय र सहकार्यमा प्रभावकारिता वृद्धि गर्न लैङ्गिक हिंसा विरुद्ध सचेतना तथा प्रतिवध्दता दौड आयोजना गरिएको,
- ८ वटै वडाहरुमा दर्ता भएका किशोर किशोरी सञ्जालहरुबीच सिकाई आदान प्रदान गर्न चौमासिक समिक्षा गरिएको,
- आत्मरक्षा सम्बन्धी सैध्दान्तिक र प्रयोगात्मक सीप १४ जना किशोरीहरुलाई प्रदान गरिएको
- महिला तथा लक्षित वर्गका लागि अनलाईन लोकसेवा (सहायक स्तर) तयारी कक्षा १०१ जनाले लिइरहेको

- महिला विकास समिति,सञ्जालका पदाधिकारीहरुलाई १ दिने कानुनी अभिमुखीकरण सञ्चालन गरिएको,
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि अभिमुखिकरण सञ्चालन गरिएको
- २८ जना बाल समूह सहजकर्ता शिक्षकलाई अभिमुखीकरण सञ्चालन गरिएको,
- गाउँपालिका स्तरीय बालभेला गरी १७ सदस्य गाउँपालिका स्तरिय बालसञ्जाल गठन गरिएको साथै आचारसंहिता समेत निर्माण गरिएको
- ७ जना ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको,
- ४ जना क र ख वर्गका अपाङ्गहरुलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको,

## न्यायिक समिति

- यस न्यायिक समितिमा चालु आ.व. २०८१।०८२ को फागुन मसान्तसम्म १८ र गत आ.व २०८०।८१ बाट सरेर आएका ४ गरी २२ बटा निवेदन दर्ता भएका, जसमा १८ वटा निवेदन फछ्र्यौट भएका छन्,
- सबै वडाहरुमा न्यायिक समितिको अधिकार क्षेत्रसम्बन्धी अन्तरक्रिया सञ्चालन गरिएको,

## उद्यम विकास शाखा

- उद्यम विकासका सामाजिक परिचालन तर्फको कार्यक्रम सम्पन्न संख्या- ४
- वडा नं. १ र ५ मा अभिमुखिकरण कार्यक्रम सम्पन्न संख्या- ३० जना
- वडा नं. १ र ५ मा सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न संख्या- २
- वडा नं. १ र ५ मा १५/१५ जना उद्यमी छनौट संख्या- ३० जना
- वडा नं. १ र ५ मा ८ दिने उद्यमशिलता विकास तालिम सम्पन्न लाभान्वित संख्या- ३० जना
- वडा नं. १ मा ३ दिने मौरी पालन सम्बन्धी तालिम सम्पन्न लाभान्वित संख्या- १६ जना

## पर्यटन प्रवर्ध्दन, वन वातावरण तथा विपद् व्यवस्थापन उपशाखा

- सुनिलस्मृति गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक- १पटक
- वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक- २ पटक
- विपद् व्यवस्थापन कोष सञ्चालन समितिको बैठक- ३ पटक
- वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन वडा नं. १,२,४ र ८ सम्पन्न
- विभिन्न प्रकारको विपदमा परेका १३ जना व्यक्तिहरुलाई नगद १२००००।— (अक्षरुपी एक लाख विस हजार) हस्तान्तरण
- विभिन्न प्रकारको विपद्मा परेका ८ जना व्यक्तिहरुलाई ४५ थान जाली हस्तान्तरण
- सबै वडा स्तरीय प्रकोप नक्सा तयार भैसकेको छ र गाउँपालिका स्तरीय नक्सा अन्तिम चरणमा पुगेको,
- आधारभूत र माध्यामिक विद्यालयका कम्प्यूटर, आई.टी. संग सम्बन्धित १६ जना शिक्षकहरुलाई विपद् पूर्व सूचना प्रणाली सम्बन्धि २ दिवसीय अभिमूखिकरण तालिमको व्यवस्था गरिएको ।
- नगर प्रहरी इकाईबाट सञ्चालन हुने सरसफाईका लागि सरसफाई सामाग्री र अनुगमनका लागि इलेक्ट्रिक तौल मेसिन नगर प्रहरी इकाईमा हस्तान्तरण गरिएको
- ट्याक्टर भाडामा लिई सुलिचौर र रुइनिबाङ बजार क्षेत्रको फोहोर उठाउने कार्य भैरहेको ।
- सुलिचौर र रुइनिबाङ बजारक्षेत्रका विभिन्न ९ स्थानहरुमा CCTV जडान
- २१ वटा विद्यायका शिक्षकका लागि २ दिवसीय विपद् सम्बन्धी जनचेतनामूलक तथा विपद सुरक्षा प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको ।
- कक्षा ६-१२ का सवै विद्यालयहरुमा “विपद् सम्बन्धी विद्यार्थीहरुलाई जनचेतनामूलक प्रशिक्षण तालिम” सम्पन्न भएको ।

## रोजगार शाखा

- वैदेशिक रोजगार पश्चात मृत्यु भएका परिवारलाई आर्थिक सहायताका लागि सहजिकरण गरिएको । आर्थिक सहायक रकम रु. २५,०००।—लाभान्वित संख्या- ३
- रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका बेरोजगार संख्या- १२४१ जना
- वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यार्थीहरुको विवरण संकलन गरी वैदेशिक रोजगार बोर्डमा पठाईएको र FEWIMS प्रणालीमा प्रविष्ट गरिएको लाभान्विन संख्या- २०
- १-८ सम्मका सबै वडाहरुमा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरुको सर्वे गरिएको साथै लाभान्वित संख्या १९ (गोरेटो बाटो- १४, मोटरबाटो मर्मत-२,फिल्ड निर्माण-१ र स्टेप बाटो निर्माण- २)।
- प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरुमा काम गर्न छनौटमा परेका सबै १-८ वडाको ७५ जनालाई बेरोजगार व्यक्तिहरुका लागि अभिमुखीकरण दिइएको
- वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुको श्रम स्वीकृत लाभान्वित संख्या- ९० ( साउदी, कतार, मलेसिया, बहराईन, दुबै, कुवेत लगायत अन्य देशको लागि श्रम स्वीकृति)
- १९ वटा योजनाहरुको सम्झौता गरिएको साथै EMIS मा प्रविष्ट गरिएको
- ७५ जना वेरोजगार व्यक्तिहरुलाई EMIS मार्फत काममा खटाइएको
- आ.व. २०८१।०८२ मा ७५ जना प्रधानमन्त्री रोजगार कार्यक्रमको योजनाहरुमा काम गर्ने वेरोजगार व्यक्तिहरुलाई सुरक्षा सामग्री र कार्यस्थल औजारहरु वितरण गरिएको ।

## पञ्जिकरण शाखा

- दोस्रो चौमासिक अवधिसम्म तपशिलको संख्याका लाभग्राहिले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन्

| | |
|---|---|
| अन्य ज्येष्ठनागरिक भत्ता | १५६७ जना |
| ज्येष्ठनागरिक (दलित) भत्ता | २२३ जना |
| ज्यष्ठनागरिक एकल महिला भत्ता | २०५ जना |

| | |
|---|---|
| विधवा भत्ता | ५६२ जना |
| पूर्ण अपाङ्ग भत्ता | ३९ जना |
| अतिअसक्त अपाङ्ग भत्ता | १०४ जना |
| क्षेत्रतोकिएको बालबालिका भत्ता | १८६९ जना |
| दलित बालबालिका भत्ता | ५३१ जना |
| जम्मा | ५१०० जना |

दोस्रो चौमासिकमा भएका व्यक्तिगत घटना दर्ताको विवरण तपशिल बमोजिम रहेको छ

| घटना | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| जन्म | ४२९जना | ४१५ जना | |
| विवाह | २८४ वटा | | |
| मृत्यु | ११८ जना | ९० जना | |
| **बसाईसराई** | | | |
| विवरण | दर्ता संख्या | गएको संख्या | जम्मा बसाईसराई गर्नेको संख्या |
| आएको | ५ वटा | १६ वटा | |
| गएको | ३५ जना | ११७ जना | १५२ जना |
| सम्वन्ध विच्छेद दर्ता संख्या | २१ वटा | | |
| जम्मा घटना दर्ता गर्ने संख्या | ४६५ वटा | | |

## सुरक्षित आप्रवासन कार्यक्रम (सामी)

- व्यक्तिगत मनोपरामर्श सेवा अन्तर्गत ३ जना पुरुष र २६ जना महिला गरी २९ जनालाई सहजीकरण गरिएको,
- अन्तरार्ष्ट्रिय आप्रवासन दिवस २०२४ वैदेशिक रोजगारीका क्रममा मृत्युवरण हुनु भएकाको सम्झनामा पालिकामा दिप प्रज्वलन गरिएको,
- वडा नं. १ र ८ मा कक्षा सञ्चालन गरिएको वैदेशिक रोजगारमा गएका परिवारका सदस्यलाई वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा सञ्चालन लाई छनोट गरी प्रारम्भिक छलफल गरिएको,
- बैदेशिक रोजगारमा गएका परिवारका सदस्यलाई वित्तीय साक्षरता र मनोसामाजिक परामर्श सामुहिक कक्षा वडा नं. १ थुम्पाकिमा ११ सत्र सम्पन्न र वडा नं. ८ ठुलो गाउँमा ११ मात्र सम्पन्न गरिएको,
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धि गहन अभिमुखिकरण पालिकाको ११ वटा वस्तीमा सम्पन्न गरिएको,

## घर अभिलेखिकरण तथा नक्सा पास शाखा

- नयाँ निवेदन दर्ता संख्या- ५
- घर अभिलेखिकरण सम्बन्धि १५ दिने सूचना प्रकाशन संख्या- ४८
- पुराना निवेदन- ५१

## सूचना प्रविधि शाखा

- गाउँपालिका र मातहतका ८ वडामा डिजिटल वडापत्र निर्माण तथा जडान कार्य संम्पन्न गरिएको

## वडागत प्रगति विवरण

## वडा नं. १

- भौतिक प्रगति ५६.३२%
- बित्तीय प्रगति १३.३४%
- वडा समितिको वैठक संख्या- ६ पटक
- नारी दिवसको अवसरमा वक्तित्व कला प्रतियोगिता आयोजना गरिएको
- छुवाछुत तथा भेदभाव न्यूनिकरण सम्बन्धी सरोकारवालसँग १ दिने अन्तरक्रिया गरिएको
- १७ जना शहिद घाइते, अपाङ्ग तथा वेपत्ता परिवारलाई सम्मान गरिएको

## वडा नं. २

- भौतिक प्रगति ४२.३९%
- बित्तीय प्रगति १२.०२%
- वडा समितिको बैठक संख्या- १६
- १२२ जना विपन्न विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण
- ३०६ जना विपन्न कृषकहरुलाई विउविजन वितरण
- महिला हिंसा विरुद्ध १६ दिने अभियानमा प्रभातफेरी आयोजना
- नारी दिवसको अवसरमा विविध खेलकुद प्रतियोगिता आयोजना
- कक्षा ५ को परीक्षा सञ्चालन
- स्वास्थ्य चौकी र वडा कार्यालयमा जनचेतना मूलक भित्तेलेखन

## वडा नं. ३

- भौतिक प्रगति ६८.८४%
- बित्तीय प्रगति १६.६२%

- वडा समितिको बैठक संख्या- १६
- १२२ जना विपन्न विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण
- ३०६ जना विपन्न कृषकहरुलाई विउविजन वितरण
- महिला हिंसा विरुद्ध १६ दिने अभियानमा प्रभातफेरी आयोजना
- नारी दिवसको अवसरमा विविध खेलकुद प्रतियोगिता आयोजना
- कक्षा ५ को परीक्षा सञ्चालन
- स्वास्थ्य चौकी र वडा कार्यालयमा जनचेतना मूलक भित्तेलेखन

## वडा नं. ४

- भौतिक प्रगति ३५.७०%
- बित्तीय प्रगति १३.२२%
- वडा समितिको बैठक संख्या- ९
- ९ जना युवालाई ड्राइभिङ सम्बन्धि सिपमूलक तालिम सञ्चालन गरिरहेको
- छिर्ने आयुर्बेद औषधालयको लागि आबश्यक औषधी खरिद गरिएको
- शहिद सम्मान कार्यक्रम ४ जना
- कक्षा ५ को परीक्षा सञ्चालन तथा ब्यबस्थापन

## वडा नं. ५

- भौतिक प्रगति ५५.८८%
- बित्तीय प्रगति २१.६१%
- सुनिलस्मृति दिवसको अवसरमा विविध खेलकुद प्रतियोगिता तथा घाइते अपाङ्गतालाई सम्मान गरिएको

- भेटेनरी औषधि खरिद तथा वितरण
- सामाजिक विक्रिती रोकथाम गर्न अन्तरक्रिया सञ्चालन तथा सामुहित प्रतिवद्धता जाहेर
- महिला स्वास्थ्य स्वयम सेविका सम्मान तथा विविध कार्यक्रम सञ्चालन
- कक्षा ५ को परीक्षा सञ्चालन तथा उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान
- वडा स्तरिय कृषि नर्सरी केन्द्र स्थापना सञ्चालन तथा व्यवस्थापन गरी सुन्तला, कागती र कफिका विरुवा उत्पादन गरिएको
- ८० वर्षमाथिका ५१ जना ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान गरिएको
- वडाका ५ टोलमा जनजाती संस्कृति संरक्षण कार्यक्रम अन्तर्गत सिंगारु नाच सिकाइएको

## वडा नं. ६

- भौतिक प्रगति ६९.७०%
- बित्तीय प्रगति ३७.४९%
- वडा समितिको बैठक संख्या- २१
- ४० जना ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण
- टोल विकास समिति गठन- ९
- बालविवाह न्यूनीकरण सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न
- ११ जना युवालाई बास जन्य सामग्री निर्माण सम्बन्धी तालिम सम्पन्न
- वडास्तरीय अपाङ्ग सञ्जाल गठन तथा २४ जना अपाङ्गता भएका व्यक्तिहरुलाई राहत सामग्री वितरण
- २० जना शहिद घाइते तथा अपाङ्गता भएका व्यक्तीहरुलाई सम्मान कार्यक्रम
- टोलस्तरीय शहिद स्मृति खेलकुद कार्यक्रम सम्पन्न

- विपद् व्यवस्थापनको लागि आवश्यक सामग्री खरिद
- वडास्तरीय कक्षा ५ को कक्षा सञ्चालन तथा उत्कृष्ट विद्यालय तथा विद्यार्थी पुरस्कृत
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको बायोमेट्रिक डाटा भेरिफिकेशन सम्पन्न
- महिला स्वास्थ्य स्वयम सेविकालाई सम्मान कार्यक्रम
- विपन्न गरिब किसानका लागि वडा कार्यालयबाट नियमित भेटेरीनरी औषधि वितरण
- विपन्न तथा असाहय नागरिकका लागि नि:शुल्क ल्याब सेवा

## वडा नं. ७

- भौतिक प्रगति ८१.६७%
- बित्तीय प्रगति ३७.२९%
- वडा समितिको बैठक संख्या- ११
- ४६ जना ज्येष्ठ नागरिक एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो कपडा वितरण
- विपन्न कृषकहरुलाई भेटेरिनरी औषधीहरु वडाबाट नियमित वितरण भइरहेको
- ७७ जना विपन्न र लक्षित कृषकहरुलाई च्याउको विउ वितरण
- वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिएको
- कक्षा ५ को परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गरिएको
- घाइते, शहिद तथ अपाङ्गहरुलाई सम्मान तथा अभिनन्दन कार्यक्रम
- ने.रा.मा.वि. तेवाङमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई कोचिङ तथा होष्टेल सञ्चालन गरिएको

## वडा नं. ८

- भौतिक प्रगति ८३.४८%
- बित्तीय प्रगति ३८.३६%
- वडा समितिको बैठक संख्या- १४
- बालविवाह न्यूनीकरणमा किशोर किशोरीको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम
- ने.रा.मा.वि. अरेशमा कक्षा ९ र १० अध्ययनरत विद्यार्थीलाई प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिएको
- कक्षा ९ र १० मा अध्ययनरत ३५ जना विपन्न दलित विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण गरिउको
- २५ जना ज्यष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई न्यानो कपडा वितरण
- वडा समितिको बैठक संख्या- १७
- वडामा ५ वटा टोल विकास संस्था गठन गरिएको
- पशुपन्छीको लागि औषधी खरिद गरी वडाबाट नियमित वितरण भई रहेको
- १६ जना युवालाई ड्राइभिङ सम्बन्धि सिपमूलक तालिम सञ्चालन गरिरहेको
- कक्षा ८ र १० का विद्यार्थीलाई लक्षित गरी होष्टेल कक्षा सञ्चालन गरिएको
- कक्षा ५ को परीक्षा गरी उत्कृष्ट शिक्षक र विद्यार्थीलाई पुरस्कृत गरिएको
- चन्द्र प्रभा मा.वि.मा अध्ययनरत विद्यार्थीलाई खेलकुल सामग्री वितरण गरिएको